**आकाशवाणी समाचार- नेपाली**

मितिः २४ नवम्बर २०२५

समयः ६:५० - ७:०० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- BLO हरूले सामना गर्न परिरहेको नेटवर्क समस्याहरूलाई ध्यानमा राख्दै पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले दूरसञ्चार कम्पनीहरूसँग बैठक गर्नुभएको छ।

- दिग्गज अभिनेता धर्मेन्द्रको निधन भएको छ। राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्री, मुख्यमन्त्री ममता बनर्जी र केन्द्रीय राज्यमन्त्री डा. सुकान्त मजुमदारले उहाँको निधनमा शोक व्यक्त गर्नुभएको छ|

- पश्चिम बंगाल स्कूल सेवा आयोग (WBSSC) ले उच्च माध्यमिक शिक्षक भर्ती प्रक्रियामा अन्तर्वार्ताको लागि योग्य भएका तर अनुसन्धानमा अनुभव प्रमाणपत्रहरू नक्कली भएको पाइएका ३०० उम्मेदवारहरूलाई अयोग्य घोषित गरेको छ।

- लोकल लाइब्रेरी दार्जिलिङको आयोजनामा चार दिवसीय 30औं वार्षिक दार्जिलिङ जिल्ला पुस्तक मेला आज देखि शुरू भयो।

- खरसाङ महकुमा खेलकूद संघको आयोजनामा खरसाङको भिक्टोरिया खेल मैदानमा अन्तर कार्यालय टी टेन क्रिकेट टुर्नामेन्ट शुरु भएको छ।

**विशेष गहन पुनरीक्षण**

विशेष गहन पुनरीक्षण अभ्यासको क्रममा QR कोड स्क्यान गर्ने र फारमहरू अपलोड गर्ने BLO हरूले सामना गर्ने नेटवर्क समस्याहरूलाई ध्यानमा राख्दै, पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले सबै दूरसञ्चार कम्पनीहरूसँग बैठक गरिरहनु भएको छ। आयोगका एक अधिकारीका अनुसार बैठकमा वेबसाइट सर्भर समस्याहरूको बारेमा पनि विस्तृत रूपमा छलफल गर्नेछ।

SIR को तीव्र कार्यभारको बीचमा BLO हरूले अनलाइन जानकारी अपलोड गर्न कठिनाइ भइरहेको बारेमा निरन्तर गुनासो गरिरहेका छन्| धेरै क्षेत्रहरूमा उचित जडानको अभावले फारमहरू अपलोड गर्न ढिलाइ गरिरहेको छ, जसले गर्दा उनीहरूमाथि समयसीमा पूरा गर्न दबाब बढिरहेको छ।

यस अवस्थालाई ध्यानमा राख्दै, निर्वाचन आयोगले नेटवर्कसँग सम्बन्धित समस्याहरूको स्थायी समाधान खोज्ने निर्णय गरेको छ। आयोगले दूरसञ्चार कम्पनीहरूलाई बोलाएको छ र नेटवर्क गुणस्तर, अपलोड गति र सर्भर स्थिरता सुधार गर्न आवश्यक कदमहरूको समीक्षा गर्न निर्देशन दिएको छ।

**धर्मेन्द्र निधन**

बलिउडका ही-म्यान, दिग्गज अभिनेता धर्मेन्द्रको निधन भएको छ। उहाँ ८९ वर्षका थिए र लामो समयदेखि बिरामी थिए। उहाँको मृत्युले भारतीय सिनेमाको एक युगको अन्त्य भएको संकेत गर्छ। १९३५ मा जन्मिएका धर्मेन्द्रले आफ्नो फिल्मी करियर फिल्म दिल **भी तेरा हम भी तेरे**बाट सुरु गर्नुभएको थियो र **शोले**, **सत्यकाम**, **चुपके चुपके**, **गुलामी**, **मेरा गाउँ मेरा देश**, **नौकर बिवी का**, **आइ मिलन की बेला**, **प्रतिज्ञा र धर्मवीर** जस्ता फिल्महरूमा आफ्नो उत्कृष्ट अभिनय कौशल प्रदर्शन गर्नुभएको थियो। 6 दशकभन्दा बढीको करियरमा, उहाँ ३०० भन्दा बढी फिल्महरूमा देखा परे। उहाँलाई २०१२ मा पद्मभूषणबाट सम्मानित गरिएको थियो। उहाँ २००४ देखि २००९ सम्म भारतीय जनता पार्टीको तर्फबाट बीकानेर लोकसभा क्षेत्रबाट संसद सदस्य पनि थिए।

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले वरिष्ठ अभिनेता तथा पद्मभूषण पुरस्कार विजेता धर्मेन्द्रको निधनमा शोक व्यक्त गर्नुभएको छ।
साथै मुख्यमन्त्री ममता बनर्जी र केन्द्रीय राज्यमन्त्री डा. सुकान्त मजुमदारले एक सामाजिक सञ्जाल पोस्टमा धर्मेन्द्रलाई श्रद्धाञ्जली अर्पण गर्दै गहिरो समवेदना व्यक्त गर्नुभएको छ।

**मोदी श्रम सुधार**

प्रधानमन्त्री नरेन्द्र मोदीले नयाँ श्रम सुधारहरूले भविष्यको अर्थतन्त्र निर्माण गर्ने, अनुपालनलाई सरल बनाउने, महिला कामदारहरूलाई सशक्त बनाउने र विश्वव्यापी मूल्य शृङ्खलामा देशको स्थिति बलियो बनाउने सरकारको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बाउनुभयो। केन्द्रीय मन्त्री मनसुख मांडवीयको लेख साझा गर्नुहुदै, श्री मोदीले विश्वले भारतको एक विश्वसनीय विश्वव्यापी साझेदारको रूपमा उदयलाई स्वीकार गरेको बताउनुभयो।

**प्रधानन्यायाधीश**

भारतको ५३ औं प्रधानन्यायाधीशको रूपमा आज न्यायाधीश सूर्यकान्तले शपथ लिनुभएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले आज बिहान राष्ट्रपति भवनमा न्यायाधीश सूर्यकान्तलाई शपथ ग्रहण गराउनुभएको छ। न्यायाधीश सूर्यकान्तले न्यायाधीश बी.आर. गवईको स्थान लिनुभएको हो।
शपथ ग्रहण समारोहमा उपराष्ट्रपति सी.पी. राधाकृष्णन, प्रधानमन्त्री नरेन्द्र मोदी, लोकसभा अध्यक्ष ओम बिरला, अमित शाह, राजनाथ सिंह, जे.पी. नड्डा लगायत केन्द्रीय मन्त्रीहरू र अन्य विशिष्ट व्यक्तिहरू उपस्थित थिए।

**WBSSC**

पश्चिम बंगाल स्कूल सेवा आयोग (WBSSC) ले उच्च माध्यमिक शिक्षक भर्ती प्रक्रियामा एउटा ठूलो कदम चालेको छ, जसले अन्तर्वार्ताको लागि योग्य भएका तर अनुसन्धानमा अनुभव प्रमाणपत्रहरू नक्कली भएको पाइएका ३०० उम्मेदवारहरूलाई अयोग्य घोषित गरेको छ। यी अनुभव प्रमाणपत्रहरू १०- अंकको वेटेज निर्धारणको लागि आवश्यक थिए, जुन धेरै उम्मेदवारहरूले नक्कली कागजातहरू मार्फत प्राप्त गर्ने प्रयास गरेका थिए।
आयोगका अधिकारीहरूका अनुसार, अयोग्य ठहरिएका केही उम्मेदवारहरूले नक्कली अनुभव प्रमाणपत्र मात्र नभई जन्म प्रमाणपत्र र शैक्षिक अंकपत्रहरू पनि नक्कली पेश गरेका थिए। १८ नोभेम्बर मा सुरु भएको कागजात प्रमाणीकरण र प्रमाणीकरण प्रक्रियाको क्रममा यी उम्मेदवारहरूको पहिचान गरिएको थियो।

**भाजपा SIR**

भाजपाले आज कांग्रेस र तृणमूल कांग्रेस लगायत विपक्षी दलहरूलाई केही राज्यहरूमा विशेष गहन पुनरीक्षण (SIR) को सहज सञ्चालनमा बाधा पुऱ्याएको आरोप लगाएको छ। नयाँ दिल्लीमा पार्टी प्रवक्ता सुधांशु त्रिवेदीले देशमा पारदर्शी र निष्पक्ष चुनावको लागि SIR आवश्यक रहेको बताउनुभयो। झारखण्डका मन्त्री तथा कांग्रेस नेता इरफान अन्सारीले बुथ स्तरका अधिकारीहरूबारे गरेको कथित टिप्पणीप्रति चिन्ता व्यक्त गर्नुहुदै श्री त्रिवेदीले यस्ता टिप्पणीहरू निन्दनीय भएको बताउनुभयो।

**दार्जिलिङ जिल्ला पुस्तक मेला**

लोकल लाइब्रेरी दार्जिलिङको आयोजनामा चार दिवसीय 30औं वार्षिक दार्जिलिङ जिल्ला पुस्तक मेला आज देखि शुरू भयो। जी टी ए प्रमुख अनित थापा द्वारा रिबन काटेर औपचारिक रूपमा पुस्तक मेलाको उद्घाटन गरिएको थियो ।
चार दिन व्यापी चल्ने यस मेलामा नेपाली लगायत अन्य विभिन्न भाषाका किताबहरू उपलब्ध रहेको छ । दार्जीलिङको गोर्खा रङ्ग मन्च भवन परिसरमा शुरू भएको यस पुस्तक मेलामा
विभिन्न स्रष्टाहरुका किताब विमोचन, साहित्य अनि कला विषय विमर्श, स्रष्टा सम्मान कार्यक्रम,कथा अनि कविता वाचन साथै गीत अनि नाटक मञ्चन हुने छ ।

**Sai Sundaram school**

दिलाराम द्विचव Sai Sundaram school मा हिज भगवान श्री सत्य साई बाबाको सत बार्षिकी जल उत्सवको अवसरमा एक भव्य कार्यक्रम आयोजना गरिएको थियो। यसका साथै Sai Sundaram School का बर्तमान अनि पूर्व शिक्षक अनि शिक्षिकारुलाई सम्बरधना जनाएका थिए भने Bord Exam मा सर्वोच्च स्थान प्राप्त गर्ने स्कुलका विद्यार्थीहरूलाई पुरस्कृत पनि गरियो। यसको साथै स्कुलका विद्यार्थीहरु द्वारा सत्य साई भजनहरू पनि प्रस्तुत गरिएको थियो, सत्ये साना बाल-बालिकाहरूले भगवान सत्य साई बाबा माथि आधारित एक नाटक पनि प्रस्तुत गरेर। कार्यक्रम यस कार्यम बारे Sai Sundworm school का प्रशासक निपेन देवले बिस्तृत जानकारी गराउनु भयो|

**गोरामुमो**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा (गोरामुमो) दार्जीलिङ ब्राञ्च कमिटीको सांङ्ठनिक सभा आज ब्राञ्च कार्यालयमा सम्पन्न भएको छ। सभामा ब्राञ्च अध्यक्ष एम. जी. सुब्बाको अध्यक्षता र सचिव पुरण राईको सञ्चालनमा पार्टीका विभिन्न समिति तथा भ्रातृ संगठनका प्रतिनिधिहरुको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रममा नयाँ चयन भएका समष्टि नेतृत्वलाई औपचारिक स्वागत गर्दै अध्यक्ष सुब्बाले पार्टीको सिद्धान्त, अनुशासन र संगठनात्मक मजबूतीलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए। साथै, आगामी राजनीतिक तथा सांङ्ठनिक कार्यक्रमबारे विस्तृत जानकारी दिँदै प्रभावकारी कार्ययोजना अघि बढाउने निर्देशन पनि दिए।

सभाले महत्वपूर्ण निर्णय गर्दै ६ डिसेम्बर २०२५ मा छैटौं अनुसूची सम्झौता दिवसलाई भव्य र योजनाबद्ध ढंगले मनाउने घोषणा गरेको छ।=

**Ms NovaCosmo India 2025**

भारतको सौन्दर्य प्रतियोगिता Ms NovaCosmo India 2025 को विजेता घोषित भएकी छन् साई श्रेया भण्डारी, जसलाई सामाजिक सञ्जालमा @gurlwholoves.fashion को नामले पनि चिनिन्छ। दार्जीलिङ की श्रेया जो हाल कोलकाता मा बस्दैछन् भने अब उनले आगामी डिसेम्बर ३ मा श्रीलंकाको कोलम्बोमा आयोजना हुने Ms NovaCosmo Worldwide 2025 मा भारतको प्रतिनिधित्व गर्नेछिन्।

श्रृंगार र आत्मविश्वासको प्रतीक बनेकी श्रेया त्रिवेणी सङ्गीतालयकी नृत्य विद्यार्थी हुन्। उनी मोडलिङ, ब्रान्ड प्रमोशन र सामाजिक सञ्जाल व्यवस्थापनमा सक्रिय रहँदै आएकी छन्। आधुनिक दृष्टिकोण, अनुशासन र सिर्जनशीलताले भरिएको उनको व्यक्तित्वले निर्णायकहरूलाई प्रभावित पार्‍यो।

श्रेयाको यात्रा सजिलो थिएन। उनले आफ्नो शारीरिक बनावट र आत्मविश्वासमाथि गरिएका आलोचनाहरूलाई आत्मस्वीकृति र दृढ संकल्पद्वारा जितेकी छन्। आज उनी युवतीहरूका लागि प्रेरणाको स्रोत बनेकी छन्|

**खरसाङ महकुमा खेलकूद संघ**

खरसाङ महकुमा खेलकूद संघको आयोजनामा खरसाङको भिक्टोरिया खेल मैदानमा अन्तर कार्यालय टी टेन क्रिकेट टुर्नामेन्ट शुरु भएको छ। विभिन्न कार्यालय कार्यालयहरुमाझ सौहार्दपूर्ण मित्रता बनाउने उद्देश्यका साथमा खरसाङ महकुमा खेलकूद संघको आयोजनामा भईरहेको टी टेन क्रिकेट टुर्नामेन्टमा जम्मा 14 वटा टिमले भाग लिईरहेका छन्। यस कार्यालय स्तरीय टी टेन क्रिकेट टुर्नामेन्टको पहिलो दिन तीनवटा खेलहरु सम्पन्न भएको छ।

***********